म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २३१ सोमबार १९ चैत २०८० ने. सं. ११४४ चिल्लागा 1 April 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

क्षमता विकास तथा लेखाव्यवस्थापन तालिम

हेटौंडा, १८ चैत/हेटौंडामा टोल विकास संस्थाका पदाधिकारीलाई दिइएको तेश्रो चरणको क्षमता विकास तथा लेखाव्यवस्थापन तालिम समापन भएको छ । टोल विकास संस्था नगरसमन्वय समिति हेटौंडा उपमहानगरको आयोजनामा गरिएको ३ दिने तालिममा हेटौंडा १९ नम्बर वडाका ५५ जना सहभागी थिए । टोल विकास संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव एवंम् कोषाध्यक्षका लागि लक्षित तालिममा टोल विकास संस्थाको लेखाव्यवस्थापन, विधान एवम् कार्यविधि, बैठक संचालन, माइन्युट लेखन, उद्घोषण, कार्यक्रम संचालन लगायतबारे सहजीकरण गरिएको थियो ।

नगरसमन्वय समितिका महासचिव शिवहरि दाहालको सभाध्यक्षतामा भएको तालिमको समापनमा उपमहासचिव देवकुमार श्रेष्ठ, सदस्यहरु श्यामकुमार रिमाल र अन्जु पन्डित, टोविस वडा समन्वय समिति अध्यक्ष देबेन्द्र अर्याल, कार्यालय सचिव इशा शर्मा, हेटौंडा क्याम्पसका स्ववियु सभापति अभि मैनाली, टोल विकासकर्मी विष्णुहरि मिश्रलगायतको आतिथ्यता थियो । तालिममा महासचिव दाहाल र उपमहासचिव श्रेष्ठले सहजीकरण गरेका थिए ।

बागमती सरकारको बाँकी कार्यकाल: मुख्यमन्त्रीमा सबै दलको हानथाप

विश्वासको मत दिन आलोपालो सर्तमा नेकपा एस

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/४ मंसिर २०७९ मा भएको प्रदेशसभा निर्वाचनपछि बागमती प्रदेशमा दोस्रो कार्यकालको सरकार सञ्चालनरत् छ ।

प्रदेशको दोस्रो कार्यकालको नेतृत्व नेकपा माओवादी केन्द्रका शालिकराम जम्कट्टेलले गरिरहेका छन् । उनले आज सोमबारसहित ३ पटक विश्वासको मत लिंदैछन् । यसअघि उनकै पार्टी अध्यक्षसमेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गठबन्धन फेरबदल गरिरहँदा प्रदेशमा पनि सत्तासमीकरण परिवर्तन भइरहेको हो । बागमतीमा करिब १ वर्ष सरकारमा बसेर नेपाली कांग्रेस भखरै सरकारबाट बाहिरिएको छ भने मुख्यमन्त्री जम्कट्टेलले फेरि एमाले, नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीको समर्थनमा सरकार गठन प्रक्रिया अगाडि बढाइरहेका छन् ।

यसैबीच सत्ताको सारथी नेकपा एकीकृत समाजवादीले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत नदिने चेतावनी दिएको छ । कारण हो, मुख्यमन्त्रीमा भागबण्डा नलाग्नु । एकीकृत समाजवादीले मुख्यमन्त्रीमा आलोपालो खोजेको हो । एकीकृत समाजवादीसहित माओवादी, एमाले र हाम्रो नेपाली पार्टी चार वटै दलले मुख्यमन्त्रीमा आँखा लगाएका छन् । करिब १६ महिना सरकार चलाइसकेका जम्कट्टेलले नयाँ सत्तासमीकरणमा पनि मुख्यमन्त्री जोगाएर निरन्तरताको ग्यारेण्टी दिलाइसके ।

अब प्रदेश सरकारको कार्यकाल साढे ३ वर्षमात्र बाँकी छ । माओवादीसहित चारवटै दलले सरकारको नेतृत्व खोज्दा कति-कति समय मुख्यमन्त्री हुन पाउन हुन्, त्यो समयले नै बताउला । तर, अहिले नै बागमतीको मुख्यमन्त्रीलाई लिएर प्रदेशको सत्ता गठबन्धनभित्र विवाद उत्पन्न भइसकेको छ । मुख्यमन्त्रीमा आलोपालो खोज्दै नेकपा एकीकृत समाजवादीले विश्वासको मत नदिने चेतावनी दिएको हो ।

एकीकृत समाजवादी बागमती प्रदेश संसदीय दलको आइतबार बसेको बैठकले मुख्यमन्त्रीमा अलोपालोलगायतका विषयमा टुंगो नलागे विश्वासको मत दिन नसक्ने निर्णय गरेको दलका नेता कृष्णप्रसाद शर्मा खनालले बताए । 'यही अवस्थामा विश्वासको मत नदिन सकिन्छ । यो संरचनामा हामी सहमत छैनौं भनेका छौं,' खनालले भने । मुख्यमन्त्री जम्कट्टेल १९ चैत सोमबार प्रदेशसभाबाट विश्वासको मत लिंदैछन् ।

२५ पुस २०७९ मा सरकार गठन हुँदाको पूर्वबत् सहमतिअनुसार नेकपा एमाले र माओवादी केन्द्रले मात्रै मुख्यमन्त्रीमा आलोपालो गर्ने संकेत पाएपछि नेकपा एकीकृत समाजवादी असन्तुष्ट बनेको हो । एक वर्षअघि नयाँ सत्ता समीकरणअनुसार सरकार गठन हुँदा माओवादी केन्द्रका नेता जम्कट्टेल र नेकपा एमालेका नेता जगन्नाथ थपलियाले आधा -आधा कार्यकाल सरकारको नेतृत्व गर्ने भागबण्डा केन्द्रीय तहमै लागेको एमालेका एक सांसद बताउँछन् ।

प्रदेशमा त्यतिबेला सरकार बन्दा एकीकृत समाजवादी बाहिरै थियो । २५ पुस ०७९ मा नेकपा एमाले र राप्रपाको समर्थनमा जम्कट्टेलको नेतृत्वमा सरकार बनेको थियो । यो सरकार दुई महिनामै ढलेर पुनः नयाँ सत्ता समीकरण अनुसार नेपाली कांग्रेस र एकीकृत समाजवादीको समर्थनमा जम्कट्टेलले सरकार गठन गरेका थिए ।

'यो गठबन्धन हो । सबै मिलेर जाने हो भने त समान सहभागिता हुनुपर्‍यो भनेको हामीले,' नेता खनालले भने, 'सात प्रदेशमध्ये एक प्रदेश हुनपर्ने । राजनीतिक नियुक्तिमा समान सहभागिता हुनुपर्ने । गठबन्धन हो भने संयुक्तमा हुनुपर्‍यो गठबन्धन हैन भने दुईवटा पार्टीले निर्णय गरेका छन्, त्यसमा हामी किन बस्ने ?,' । पार्टीले उठाएका यी विषयमा गठबन्धनभित्र सम्बोधन नभएसम्म विश्वासको मत दिन नसक्ने उनले बताए ।

हाल एमालेले पुरानै सहमतिअनुसार १ वर्षपछि जम्कट्टेलले नेतृत्व हस्तान्तरण गर्नुपर्ने सर्त अगाडि सारेको छ । 'हामीले १ वर्षपछि मुख्यमन्त्री पाउनुपर्ने सर्त छ । जम्कट्टेलज्युले डेढ वर्ष चलाइसक्नु भयो । त्यो भागबण्डा केन्द्रमै लागेको हो नी । त्यसमा सहमति भएरै सरकार विस्तार अगाडि बढेको हो,' एमाले स्रोतले भन्यो । हाल सत्ता समीकरणमा फेरबदल आएपछि पनि बागमतीमा मुख्यमन्त्रीको भागबण्डा नटुंगिएकाले सरकार विस्तारमा ढिलाई हुन पुगेको थियो ।

हाम्रो नेपाली पार्टीका नेतासमेत रहेका नवनियुक्त संस्कृति, पर्यटन तथा सहकारीमन्त्री शैलेन्द्रमान बज्राचार्यले १५ चैतमा मुख्यमन्त्री कार्यालय परिसरमा पत्रकारहरुलाई प्रतिक्रिया दिँदै मुख्यमन्त्रीमा आलोपालो सहमतिपछि सरकारमा सहभागी भएको बताएका थिए । १५ चैतमा सरकारमा सहभागी चार दलले गरेको सहमतिमा पनि सरकारको नेतृत्व आलोपालोमा गर्ने उल्लेख छ । आलोपालो सहमति भएपनि कसले कसरी नेतृत्व गर्ने भन्नेमा टुंगो नलागेको माओवादी केन्द्रका मुख्य सचेतक रत्नप्रसाद ढकालले जानकारी दिए ।

१३ नम्बरका ४० किसानलाई कृषि सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/तरकारी तथा फलफूल उत्पादनको लागि पकेट क्षेत्रको रुपमा बिकास हुँदै गएको हेटौंडा उपमहानगर पालिका-१३ का किसानलाई कृषिसामग्री बितरण गरिएको छ ।

हेटौंडा उपमहानगरको आर्थिक सहयोग 'तरकारी पकेट कार्यक्रम' अन्तरगत स्थानीय ४० जना कृषकलाई कृषि सामग्री बितरण गरिएको हो । स्थानीय त्रिवेणी कृषि सहकारी संस्थाको आयोजनामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा र हेटौंडा-१३ का अध्यक्ष पेम्बा लामाले कृषकलाई सामग्री बितरण गरेका थिए । कृषकलाई कीटनासक औषधि छर्ने मेसिन, आफ्नो कृषिउपज जोख्ने डिजिटल तराजु, पानी हाल्ने हजारी, क्रेट, ट्रे, कुटो, स्प्रिङकल, सिकेचर कोदालोलगायतका सामग्री बितरण गरिएको हो ।

किसाका लागि कुरिलो, गोलभेडा, लेटुस, चुकन्दर, पक्च्योइ, फर्सी, रेडक्यावेज, चाइनिज क्यावेज, कलरफूल क्याप्सीकमका बीउ बितरण गरिएको सहकारीका फेन्चु लामाले जानकारी दिए ।

कार्यक्रममा नगरप्रमुख लामाले कृषिलाई व्यावसायिकरण गरेर आर्यआर्जनमा जोडिन जरुरी रहेको बताइन् । दिगो आर्यआर्जनका लागि कृषि महत्वपूर्ण पेशा भएको भन्दै उनले काम गर्छौं भन्नेहरुका लागि उपमहानगर पालिका सधै सहयोगी बन्न तयार रहेको बताइन् ।

सहकारीका अध्यक्ष सुरज थिङको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर कृषि शाखाप्रमुख प्रदीप रेग्मी, प्राबिधिक गणेश खड्का र सेवाकेन्द्र प्राबिधिक कबिता चौलागाईलगायतको आतिथ्या थियो । सामग्री बितरण अघि उपमहानगरको सहयोगमा त्यसक्षेत्रका किसानलाई तालिम प्रदान गरिएको थियो ।

पछिल्लो समय हेटौंडा उपमहानगरको १२ र १३ मा व्यावसायिकरुपमा तरकारी सहित फलफूल खेती हुँदै आएको छ । त्यस क्षेत्रमा अहिले व्यावसायिक रुपमा सय भन्दा बढी किसान कृषिपेशामा संलग्न रहेका छन् । अहिले किसानले उत्पादन गरेको मेवा बीरगञ्जसम्म पुगेको छ भने अन्य उत्पादन हेटौंडा बजारमै खपत भैरहेको सहकारीले जनाएको छ ।

हेटौंडामा प्रदेस्तरीय महिला उद्यमी सम्मेलन

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/हेटौंडामा बागमती प्रदेशस्तरीय महिला उद्यमी सम्मेलन आयोजना भएको छ ।

बागमती प्रदेश महिला उद्यमी विकास समिति, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित निर्देशनालयको संयुक्त आयोजनामा सम्मेलन भएको हो ।

दुई दिनसम्म हुने सम्मेलनको नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश समितिले संयोजन गरेको छ । आइतबार नेपाल वाणिज्य महासंघ वागमती प्रदेशसचिव राजेन्द्र केसीको सभाध्यक्षता तथा बागमती प्रदेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा सम्मलन उद्घाटन भएको हो । सम्मेलनमा १३ वटै जिल्लाका २८ उद्योग वाणिज्य संघका उद्यमी महिलाले बनाएका विभिन्न सामग्री प्रदर्शनमा राखिएको छ ।

सम्मेलन उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, महिला उद्यमी समिति बागमती प्रदेश कार्यकारी सदस्य गीता अमात्य, नेकपा एकीकृत समाजवादीकी केन्द्रीय सदस्य तथ बागमती प्रदेश पूर्वसांसद मुनु सिग्देललगायतको आतिथ्यता रहेको थियो ।

जम्कट्टेलको विपक्षमा मतदान गर्न कांग्रेस बागमतीको निर्देशन

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/नेपाली कांग्रेस बागमती प्रदेशले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको विपक्षमा मतदान गर्न निर्देशन दिएको छ ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँको सभाध्यक्षतामा आइतबार काठमाडौंमा बसेको कार्यसम्पादन समितिको बैठकले आफ्नो पार्टीका सम्पूर्ण सांसदलाई तटस्थ नबस्न र विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन दिएको हो ।

बैठकले नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता जम्कट्टेललाई ३ माघ २०७९ मा विश्वासको मत दिएकोमा २०८० फागुन २३ मा बागमती प्रदेश सरकारबाट राजिनामा दिई बाहिरिएको र प्रदेश सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएकोले विश्वासको मतको विपक्षमा मतदान गर्न कांग्रेस संसदीय दललाई निर्देशन दिएको कांग्रेस बागमती प्रदेशका मुख्यसचिव राजु नेपालले जानकारी दिए ।

बागमती प्रदेशसभामा मुख्यमन्त्री जम्कट्टेलले आज १९ चैत सोमबार विश्वासको मत लिने कार्यक्रम छ । सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा नेपालको संविधानको धारा १८८ को उपधारा (२) अनुसार मुख्यमन्त्रीले प्रदेश सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ ।

बागमतीको १ सय १० सदस्यीय प्रदेशसभामा जमकट्टेलले ५६ मत जुटाएमा उनी मुख्यमन्त्रीमा कायम रहनेछन् । बागमतीमा कांग्रेसको ३७, एमालेको २७, माओवादी केन्द्रको २१, राप्रपा १३, एकीकृत समाजवादीको ७, नेमकिपा ३ र हाम्रो नेपाली पार्टीको दुई सिट छ ।

मकवानपुरमा दुई दिनमा तीनजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/मकवानपुरमा शनिवार र आइतबार दुई दिनमा छुट्टाछुट्टै घटनामा ३ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ ।

बागमती गाउँपालिका, बकैया गाउँपालिका र हेटौंडा उपमहानगरमा भएको घटनामा तीनजनाको मृत्यु भएको हो । बागमतीमा करेन्ट लागेर देबराम रुम्बाको मृत्यु भएको मकवानपुर प्रहरीले जनाएको छ । आइतबार विहान बागमती-८ कायर बस्ने अन्दाजी ५०/५५ वर्षीय रुम्बा आफ्नै घर अगाडिको बारीमा मकै हेर्न जाँदा भुईंमा लत्रिएको बिजुलीको नाङ्गो तारमा छुँदा करेन्ट लागि घट्नास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यसैगरी, बकैयामा भिरबाट लडी स्थानीय पूर्णिमा भोम्जनको मृत्यु भएको छ । शनिबार विहान बकैया-६ ठुलोसुधा बस्ने सन्दीप भोम्जनको छोरी ८ वर्षीया पूर्णिमा घरबाट निस्कि हिडेकोमा आफन्तले खोज्दै शनिबार बेलुका घरदेखि पश्चिममा रहेको बाघभैरब सामुदायिक बनको सुधाभिरबाट २०० मिटर तल खसेर मृत्यु भएको प्रहरीले जनाएको छ । प्रहरीटोली घटनास्थलमा पुगी बुझ्दा पूर्णिमाको मानसिक सन्तुलन ठीक नभएको पाइएको छ ।

यस्तै प्रहरीका अनुसार हेटौंडामा सवारीको ठक्करबाट ज्ञाने सुनारको मृत्यु भएको छ । शनिबार बेलुका हेटौंडा-११ नवलपुरस्थित चन्द्रसूर्य पेट्रोल पम्प नजिक पूर्वपश्चिम सडकखण्डमा प्रदेश १-०२-०१ ज ४३०० नं.को टाटा सुमोले हेटौंडा-११ शान्तिचोक बस्ने ३५ वर्षीय सुनारलाई ठक्कर दिंदा उनी घाइते भएका थिए । उनलाई उपचारको लागि हेटौंडा अस्पताल लगिएकोमा शनिबार राति उपचारको क्रममा डाक्टरले मृत घोषणा गरेका थिए ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०९४१५, ९८१७०२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

सत्ता खिचातानीमा केन्द्रित राजनीति

नेपाली कांग्रेसले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलको विपक्षमा मतदान गर्न निर्देशन दिएको छ । नेपाली कांग्रेसको कार्यसम्पादन समितिको बैठकले पार्टीका सम्पूर्ण सांसदलाई तटस्थ नबस्न र विश्वासको मतको विपक्षमा मतदान गर्न निर्देशन दिएको हो । बैठकले नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता जमकट्टेललाई २०७९ माघ ३ गते विश्वासको मत दिएकोमा २०८० फागुन २३ मा बागमती प्रदेश सरकारबाट राजीनामा दिएर सरकारबाट बाहिरिएको र प्रदेश सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिएकोले विश्वासको मतको विपक्षमा मतदान गर्न कांग्रेस संसदीय दललाई निर्देशन दिएको कांग्रेस बागमती प्रदेशले जनाएको छ । बागमती प्रदेशसभामा मुख्यमन्त्री जमकट्टेलले आज विश्वासको मत लिने कार्यक्रम छ ।

सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा नेपालको संविधानको धारा १८८ को उपधारा ९२० अनुसार ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ । बागमतीको १ सय १० सदस्यीय प्रदेशसभामा जमकट्टेलले ५६ मत जुटाएमा उनी मुख्यमन्त्रीमा कायम रहनेछन् । बागमतीमा कांग्रेसको ३७, एमालेको २७, माओवादी केन्द्रको २१, राप्रपा १३, एकीकृत समाजवादीको ७, नेमकिपा ३ र हाम्रो नेपाली पार्टीको दुई सिट छ । एक वर्षपछि नेकपा एमाले बागमती प्रदेश सरकारमा फर्किएको छ । शनिवार सरकारमा सहभागी एमालेसँग एकवर्षको अन्तरालमा एउटा संयोग मिल्न गएको छ । यसअघि २६ पुस ०७९ मा एमाले सरकारमा सहभागी भएको थियो । अढाई महिनामात्रै सरकारमा बसेर चार जना मन्त्रीले राजीनामा दिएको थियो । वर्षदिन अघि गठबन्धनकै कारण सरकार छोडेको एमाले अहिले गठबन्धनमा जोडिन पुगेको छ । गठबन्धनमा फेरबदल आएसँगै थपलियाले यसअघि अढाई महिनामै सरकार छोडेका थिए । १० चैतमा राजीनामा दिएर सरकारबाट बाहिरिएका थपलियाले गठबन्धन फेरबदलकै कारण फेरि मन्त्री बन्ने अबसर पाएका हुन् । यो गठबन्धन पनि दिगो चल्छ भन्ने कुनै ग्यारेन्टी छैन । कुनैपनि दिन गठबन्धन टुट्न सक्छ । अहिले एमाले रमाएर सत्तामा पुगेको छ तर, केही समयपछि फेरि सत्ताबाट बाहिरिनु पर्ने अवस्था आउन सक्छ । सत्तामोहले सबै दललाई अन्धो बनाएको छ । जनजीबिकाको कुरामा कुनैपनि दल संबेदनशी देखिएका छैनन् ।

एकातिर मिसन ८४ को धमास दिएर हिड्ने लर्को बढेको छ । अर्कोतिर दलहरुको रबैया सत्ताकेन्द्रित बनेको छ । मुख्यमन्त्री जम्कट्टेलले १९ चैतमा झिनो अंकगणितकाबीच विश्वासको मत लिँदैछन् । सरकारमा सहभागी भएकाले उनको दल नेकपा माओवादीको २१, नेकपा एमालेको २७, नेकपा एकीकृत समाजवादीको ७ र हाम्रो नेपाली पार्टीको २ सांसदले विश्वासको मत दिने अपेक्षा सरकार पक्षले गरेको छ । बागमतीमा सरकार गठनका लागि ५६ सांसदको बहुमत आवश्यक पर्दछ । यतिबेला राप्रपा सडकमा भौतारिएको अवस्था छ । सत्ताकेन्द्रित राजनीतिबाट टाढा बस्नै नसक्ने दलहरुले देखाइरहेको रबैयाले जनतामा निराशा बढेको कुरामा पनि हेक्का हुनपर्ने थियो तर, त्यसो हुन सकेको छैन । मन्त्रीमा भागबण्डा, मुख्यमन्त्रीमा भागबण्डा, बिभिन्न समितिमा भागबण्डा, योजनामा भागबण्डा खोज्ने अभियानले अन्ततः राजनीतिप्रति नै बितृष्णा पैदा गर्ने सम्भावना छ । त्यसैले जनजीबिकाको सवालमा ध्यान दिएर काम गर्दा उपयुक्त हुनेछ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत २० गते मंगलबार २ अप्रिल २०२४ । अष्टमी, चैत कृष्णपक्ष । चिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:५५, सूर्यास्त ६:२१ । शीतलाष्टमी । गोरखकाली पूजा । भौमाष्टमी ब्रत ।

आजको राशिफल

मेष	: परीक्षामा सफलता मिल्नेछ	तुला	: दिन राम्रोसँग बित्नेछ
वृष	: पढाइमा रुचि बढ्नेछ	वृश्चिक	: चोट लाग्ने सम्भावना देखिन्छ
मिथुन	: रिसलाई नियन्त्रण गर्नुपर्नेछ	धनु	: चिन्ता, भय र आशंका बढ्नेछ
कर्कट	: शुभ समाचार मिल्नेछ	मकर	: सन्तोष र प्रतिष्ठा मिल्नेछ
सिंह	: भाग्योदयको योग छ	कुम्भ	: काममा प्रगति हुनेछ
कन्या	: सहयोगी हातहरु बढ्नेछ	मीन	: व्यापारमा लाभ हुनेछ

अर्थमन्त्री पुनले सम्बोधन गर्नुपर्ने आर्थिक पक्ष



✍ नन्दलाल खरेल

देशको अर्थतन्त्र बहुआयामिक समस्यातर्फ धकेलिइरहेका बेला नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले पुनः अर्थमन्त्रीको जिम्मेवारी पाएका छन् । १२ वर्षपछि दोस्रो इनिङका रूपमा अर्थमन्त्रीको बागडोर सम्हालेका पुनले अर्थतन्त्रका चुनौतीका चाङ कसरी पार लगाउँछन्, हेर्न सबै उत्सुक देखिएका छन् । राजनीतिक परिवर्तन वा व्यवस्था परिवर्तन भइरहँदा पनि मुलुकको अर्थव्यवस्थामा उल्लेखनीय सुधार हुन सकेको छैन । दैनिक जीवनमा प्रयोग हुने वस्तुमा समेत परनिर्भरता बढेको छ । राजस्व सङ्कलन, पुँजीगत खर्च, वैदेशिक सहायता तथा अनुदान लगायतको अवस्था नाजुक छ । सार्वजनिक ऋणको ब्यारोमिटर उत्कर्ष हुँदा सरकारलाई ब्याजको थप भार हुन पुगेको छ ।

सत्तारुढ पाँच राजनीतिक दलले हालै साझा न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प सार्वजनिक गरेका छन् । जस अन्तर्गत सरकारको उद्घोष छ– अर्थतन्त्रमा देखिएको शिथिलता हटाउन नीतिगत सुधार गर्दै आर्थिक क्रियाकलापलाई तीव्रता दिने, वित्तीय संस्थालाई विसङ्गतिमुक्त बनाउने, स्वदेशी उत्पादन र स्वदेशी उपभोगलाई प्रोत्साहन गर्दै राष्ट्रिय पुँजीको विकास गर्ने, उद्यमशील शिक्षित युवाको नीति कार्यान्वयन गर्ने, विद्युत् उत्पादन विस्तारमार्फत आर्थिक वृद्धिदर बढाउने, युवाको सर्वतोमुखी विकासको वातावरण सुधार गर्ने आदि । सरकारका यी सङ्कल्पको पूरा गर्ने प्रमुख दायित्व अर्थमन्त्रीको रहन्छ ।

यी सङ्कल्प पूरा गर्न अर्थमन्त्रीले विशेष ध्यान दिन जरुरी छ । अर्थमन्त्रीले अर्थतन्त्रको गहिरो ज्ञान नराखे पनि धैर्यपूर्वक अरुको कुरा सुन्ने क्षमता देखिएको छ । विषय विज्ञसित अधिकतम विमर्श गरी तत्काल मुख्य आठवटा क्षेत्रमा सुधार गर्नुपर्ने गरी अर्थमन्त्री अघि बढ्नुपर्ने देखिन्छ ।

बजेट घाटातर्फ विशेष ध्यान

अर्थमन्त्री पुनले अर्थतन्त्र सुधार्न बजेटघाटा कम गर्नेतर्फ विशेष ध्यान दिन जरुरी छ । बजेट घाटामा सुधार नल्याएसम्म अर्थतन्त्रमा सुधार असम्भव छ । सरकारको बजेट करिब डेढ खर्ब रुपैयाँ घाटामा देखिएको छ । अर्थात् सरकारको खर्चभन्दा आम्दानी एक खर्ब ३७ अर्ब ७४ करोड रुपैयाँ कम छ । महालेखा नियन्त्रकको कार्यालयको तथ्याङ्क अनुसार फागुन मसान्तसम्म सरकारले ६ खर्ब ६३ अर्ब ८३ करोड आम्दानी गरी आठ खर्ब १ अर्ब ५८ करोड रुपैयाँ खर्च गरेको छ ।

जीडीपीमा पर्यटन क्षेत्रको हिस्सा १० प्रतिशत पुऱ्याउन सके अर्थतन्त्रमा कहिल्यै सङ्कट आउँदैन । करको दरभन्दा करको दायरा बढाउन सके राजस्व बढाउन सकिन्छ । सरकारको आम्दानीभन्दा खर्च धेरै भएकाले सरकारी वित्त (बजेट) घाटामा देखिएको छ । जब आम्दानीभन्दा खर्च धेरै हुन्छ, तब राष्ट्रको सार्वजनिक ऋण बढ्ने गर्छ ।

निर्यात वृद्धि

निर्यात व्यापार देशको मेरुदण्ड हो । मुलुक समृद्धशाली नहुनुको मुख्य कारण हाम्रो निर्यात व्यापार कमजोर हुनु हो । निर्यातमा सुधार नभएसम्म आयातमा कमी आउँदैमा त्यसबाट जति फाइदा लिन सक्नुपर्ने हो, त्यो लिन सक्ने अवस्था रहँदैन । अहिले संसारमा जति मुलुक सम्पन्न भएका छन्, ती सबैले वस्तु सेवा वा प्रविधि निर्यात गरेका छन्, तर हामी युवा निर्यात गरेर सम्पन्न बन्न खोजिरहेका छौँ ।

आर्थिक वर्ष २०८०/८१ को माघसम्म निर्यात ८६ अर्ब ८३ करोड मात्र पुगेको छ । सात महिनामा १ खर्ब रुपैयाँ निर्यात पुऱ्याउन नसक्नु ज्यादै लज्जाको कुरा हो । दुई वर्षअघि पहिलोपटक निर्यात दुई खर्ब रुपैयाँमाथि पुगेको थियो । गत वर्ष फेरि निर्यात डेढ खर्बमा झरेको भऱ्यो । अहिलेसम्मको तथ्याङ्क विश्लेषण गर्दा यो वर्ष त्यति पनि नपुग्लाजस्तो देखिन्छ । यसतर्फ नयाँ अर्थमन्त्रीले निर्यात व्यापारमा संलग्न व्यवसायीका समस्या तत्काल सम्बोधन गरी थप सहुलियत दिन जरुरी छ ।

सार्वजनिक ऋणको सही सदुपयोग

हाम्रो देशको सार्वजनिक ऋण हरेक वर्ष बढिरहेको छ । बेलगाम साधारण खर्च र संघीयतापछि बढेको सरकारको दायित्वका कारण हाम्रो अर्थतन्त्र सार्वजनिक ऋणले थलिएको हो । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार, चालु आर्थिक वर्षको आठ महिनाको अर्थात् फागुनसम्म सार्वजनिक ऋण २३ खर्ब ८८ अर्ब पुगेको छ । यो अवधिमा २ खर्ब १८ अर्ब ८६ करोड रुपैयाँ ऋण थपिएको छ, तर यही अवधिमा पुरानो ऋणको साँवा १ खर्ब २६ अर्ब रुपैयाँ तिरिएको छ । गत असारसम्म नेपालको कुल सार्वजनिक ऋण २२ खर्ब ९५ अर्ब ४३ करोड थियो । कुल सार्वजनिक ऋणमध्ये बाह्य १२ खर्ब दुई अर्ब रुपैयाँ छ भने आन्तरिक ऋण ११ खर्ब ८५ अर्ब रुपैयाँ छ । अर्थतन्त्रको उत्पादन क्षमता वृद्धि गर्न तथा दीर्घकालीन महत्त्वका पूर्वाधारमा ऋण लिनु सही हो, तर चालु खर्च धान्न ऋण लिनु राष्ट्रका लागि घातक छ । आठ वर्ष अघिसम्म कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को अनुपातमा २२.५ प्रतिशत रहेको ऋण अहिले ४४ प्रतिशत पुगेको छ । जीडीपीको आकारमा ३० प्रतिशतभन्दा बढी ऋण नबढाउने र ऋणलाई पुँजीगत खर्च र उत्पादशील बनाउने हो भने अर्थतन्त्रमा सुधार गर्न सकिन्छ ।

बजेट कार्यान्वयनमा जोड

सरकारको अहिलेको मुख्य टाउको दुखाइ बजेट कार्यान्वयनमा असफलता हो । हरेक नयाँ बन्ने सरकारले बजेट कार्यान्वयनको उद्घोष गर्छन्, तर सरकार बजेट कार्यान्वयन गर्न असफल हुँदै आएको छ । पुँजीगत खर्च वर्षको अन्त्यमा मात्र गर्ने गरिएको छ । यसलाई असारे विकासका रूपमा बुझ्ने गरिन्छ । हरेक वर्ष बजेट समीक्षामार्फत बजेटको आकार घटाइन्छ । पुँजीगत खर्चको आकार चालु खर्चको तुलनामा एकदमै कम छ । आर्थिक वर्ष २०८०/०८१ को बजेट कार्यान्वयनमा आएको आठ महिना बितिसक्दा राजस्व सङ्कलन, पुँजीगत खर्च, वैदेशिक सहायता तथा अनुदानको अवस्था दयनीय छ । यो अवधिमा सरकारी पुँजीगत खर्च एक चौथाइको मात्र छ । लक्ष्य अनुसार, राजस्व सङ्कलन नहुँदा सरकारी वित्त निरन्तर घाटामा छ । देशको राजस्व, खर्च र ऋण व्यवस्थापनको कार्य दिगो हुन नसकेमा बजेट नियन्त्रणका उपाय अपनाउन आवश्यक हुन्छ ।

सरकारी खर्च अहिले लापरबाही किसिमको छ । विद्यमान कानुनी व्यवस्थाको उल्लंघन गरी खर्च गर्ने सरकारी प्रवृत्ति बढेको छ । जसले गर्दा हरेक वर्ष बेरुजु बढ्ने गर्छ । यसतर्फ अर्थमन्त्रीले निर्णय गरेर गम्भीर ढङ्गले सोच्नुपर्ने देखिन्छ । बजेट अनुशासनमा संरचनागत परिवर्तन नभएसम्म बजेट कार्यान्वयनमा कठिन छ ।

वित्तीय अराजकता रोक्नु

विगत केही महिनायता बैङ्क तथा वित्तीय संस्थाविरुद्ध अराजक गतिविधि बढ्दो छ । बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिने तर नतिर्नेहरूको अराजक गतिविधि बढेको छ । त्यस्तो समूहमा 'क' श्रेणीका बैङ्कदेखि लघुवित्त र सहकारी संस्थासम्म ऋणी छन् । मेडिकल व्यवसायी दुर्गा प्रसाईंले २० लाख रुपैयाँसम्मको ऋण मिनाहाको मागसहित ऋणीहरू भेला गराएर देशका विभिन्न ठाउँमा प्रदर्शन गरिरहेका छन् । यसले अराजक गतिविधि गर्नेलाई प्रोत्साहन मिलिरहेको छ भने बैङ्कका कर्मचारीको मनोबल खस्किएको छ ।

लघुवित्तका ऋणीले सैँय राजधानी काठमाडौँमै आएर पटक-पटक आन्दोलन गरिरहेका छन् । जसमा धेरैजसो वास्तविक पीडित छन् भने कतिपय ऋण मिनाहा भइहाल्छ कि भन्ने आशामा क्षमता भएर पनि नतिर्ने पाए हुन्थ्यो भन्ने जमात छ । वित्तीय अराजक फैलाई आतङ्क फैलाउनेलाई सरकारले कडा कारबाही गर्नुपर्छ ।

आफ्नै जगमा आर्थिक नीति

अर्थतन्त्रको मुख्य जग रेमिट्यान्समुखी र आयातमुखी भएको छ । रेमिट्यान्स अहिले अर्थतन्त्रको मेरुदण्ड भएको छ । रेमिट्यान्सले परनिर्भरता बढाउँछ । रेमिट्न्यास अस्थायी प्रकार को अल्पकालीन हुन्छ । बाह्य देशमा कुनै विपत्ति महामारी तथा युद्ध भएको अवस्थामा रेमिट्यान्स आयमा ठुलो उतार-चढाव हुन्छ । त्यसकारण रेमिट्यान्स अर्थतन्त्रको मेरुदण्ड बन्न हुँदैन ।

रेमिट्यान्स उत्पादन क्षेत्रमा नलगाई उपभोगमै सिद्धिने गरेको छ । यसलाई आन्तरिक कृषि उत्पादन र औद्योगिक क्षेत्रमा सुदपयोग गर्ने हो भने हाम्रो अर्थतन्त्रको वृद्धिदर निकै राम्रो हुन्छ । हाम्रो राजस्वको प्रमुख स्रोत आयातबाट हुने गरेको छ । आयातबाट हुने राजस्व स्रोतले व्यापार घाटालाई बढावा गराउँछ । तसर्थ आम्दानीको प्रमुख स्रोत कृषि र पर्यटन बनाउनुपर्छ ।

पछिल्लो दश वर्षमा देशको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) मा कृषि योगदान घट्दै गएको छ । अहिले जीडीपीमा कृषिको योगदान २३.९५ प्रतिशत छ । यो पछिल्लो वर्षयताकै कम हो ।

अर्थतन्त्रलाई सुधार गर्न पर्यटन पुनरुत्थानमा जोड दिनुपर्छ । यसका लागि सरकारले आवश्यक बजेट विनियोजन गरी पर्यटकीय क्षेत्रमा भौतिक पूर्वाधारमा खर्च गर्न सके विदेशी मुद्रा भित्र्याउन सकिन्छ । जीडीपीमा पर्यटन क्षेत्रको हिस्सा १० प्रतिशत पुऱ्याउन सके अर्थतन्त्रमा कहिल्यै सङ्कट आउँदैन । करको दर भन्दा करको दायरा बढाउन सके राजस्व बढाउन सकिन्छ । छाया अर्थतन्त्रलाई रोक्न सक्नुपर्छ, तब मात्र अर्थतन्त्र सुदृढ हुन्छ ।

सुशासनप्रतिको प्रतिबद्धता

अर्थतन्त्रमा सुधार हुन नसक्नुको प्रमुख कारण राजनीतिक अस्थिरता तथा सुशासनप्रतिको प्रतिबद्धता नहुनुले नै हो । राजनीतिलाई सुधार्ने प्रमुख दायित्व राजनीतिज्ञको हो । राजनीतिक सुधार गर्न राजनीतिक नेतृत्वमा इमानदारिता आवश्यक हुन्छ । राजनीतिक सुधार गर्न कर्मचारीतन्त्र र आमसर्वसाधारण नागरिकको समेत भूमिका रहन्छ ।

पुष्पकमल दाहाल 'प्रचण्ड'को नेतृत्वको गठबन्धन सरकारको प्राथमिकता लोकतन्त्र, सुशासन र दिगो आर्थिक विकास रहेको छ । सुशासन कायम गर्न अझ सरकारले उच्च महत्त्व दिने उद्घोष गरेको छ । वर्तमान सरकार त्यसमा पनि गृह प्रशासनले सुशासन कायम गर्न भटाभट ठुला फाइलहरू खोल्दै छ । हिजो साना माछा मात्रै समातिन्थे भने अहिले ठूला माछाहरू पनि समातिन थालेका छन् ।

बजेटमा आमूल परिवर्तन

बजेटमा सामान्य टालटुले सुधारले मात्रै अर्थतन्त्र सुदृढ हुन सक्दैन । आगामी आर्थिक वर्षका लागि सैँय संसद्मा प्रस्तुत हुने बजेटमा आमूल परिवर्तन आवश्यक छ । बजेट निर्माण गर्दा पुँजीवादी बाल्टीमा राखेर भन्दा पनि समाजवादी अर्थनीतिलाई मध्यनजर राखेर काम गर्नुपर्छ । बजेटमा आन्तरिक पर्यटक बढाउने, स्वास्थ्य सङ्कट, आर्थिक सङ्कट, रोजगार सङ्कट र व्यावसायिक सङ्कटबाट पार पाउने स्पष्ट योजना बन्नुपर्छ । यी सबैबाट पार पाउन स्वाधीन अर्थतन्त्रमा जोड दिने बजेट निर्माण गरिनुपर्छ ।

अन्त्यमा, हरेक नयाँ बन्ने सरकारसँग जनताको ठुलो आशा हुन्छ । विगत लामो समयदेखि नेपालको अर्थतन्त्र संरचनागत समस्यामा फसेको छ । हरेक कालो बादलमा चाँदनीको घेरा भएजस्तै सङ्कटपछिको उभारका लागि नेपाली अर्थतन्त्र सुधारको पर्खाइमा छ ।

वर्तमान अर्थमन्त्रीले अर्थतन्त्रमा जरा गाड्दै गएको शिथिलता र अविश्वासको अवस्थालाई चिर्दै बजेटमा आमूल परिवर्तन गर्न सक्नुपर्छ । त्यसका लागि सबैभन्दा पहिला अर्थमन्त्री इमानदारिता हुनुपर्छ । राम्रो कार्य गर्नेलाई प्रोत्साहन गर्नुपर्छ भने भ्रष्ट कर्मचारीलाई दण्डित गर्नुपर्छ । राज्यका आर्थिक नीतिहरू आफ्नो जगमा उभिएर बनाउनुपर्छ । स्वाधीन र समाजवाद उन्मुख बाटोमा हिँड्न सके मात्र अर्थतन्त्र सुधारको दिशामा जान्छ ।

(साभार: रातोपाटी)

राजनीतिक दबाब, आड र मिलेमतो

✍ बालकृष्ण मैनाली

कानुनी भाषामा आफूले निभाउनुपर्ने दायित्व ननिभाई लुक्नु, भाग्नु वा प्रहरीको नजरबाट ओझेल भइरहनुलाई फरार भन्ने गरिन्छ । फरारलाई सामान्य अर्थमा लिँदा भागेर लुक्नु भन्ने बुझिन्छ । यता केही समयदेखि हाम्रो देशमा फरार नामको शब्द व्यापकरुपमा प्रयोग हुने गरेको पाइन्छ । अपराध गरेर लुक्नु, जरिबाना वा कैदको सजाय पाएको मान्छे लुक्नु वा अन्य कानुनी दायित्व पूरा गर्ने सर्तनामा गरेको तर सर्तनामा पूरा नगरेको र त्यसबारे जानकारी लिन सम्पर्क गर्न खोज्दा पत्ता नलाग्नु, सबैतिरबाट सोधखोज गर्दा पत्ता नलाग्नुको अवस्था अथवा भागी-भागी लुकेर हिँड्नेको सूची नाम दर्ज हुन जानु नै फरारको सूचीमा पर्नु हो ।

गएको हप्ता समाज कल्याण परिषद्ले भृकुटीमण्डपको जग्गा तथा भवनहरु भाडामा लिई समयमा बुझाउनुपर्ने भाडा नबुझाएको, बुझाउन ताकेता गर्दा पनि कुनै वास्ता नगरेको र सम्पर्कमै आउन नचाहेकोले फरार सूची सार्वजनिक गरिएको बारे १० गतेको गोरखापत्रको प्रथम पृष्ठमै समाचार बनेर सार्वजनिक भयो । सार्वजनिक गरिएको समाचारमा फरार व्यक्ति, सामाजिक संस्था र कम्पनी गरी ३१ जनाको नाम समावेश भएको छ ।

ती ३१ जनाले समाज कल्याण परिषद्लाई १ करोड ८७ लाख ७२ हजार ९ सय रुपियाँ भाडाबापत बुझाउनुपर्ने देखिन्छ । जसमध्ये नेपाल नेत्रहीन संघ नामको सामाजिक संस्थाले भाडामा लिएको ६० र ६१ नम्बरको स्टलबापत ४१,३२,२०६ रुपियाँ, लोकतान्त्रिक शहीद घाइते समाजले ६ नम्बर स्टल प्रयोग गरेबापत ११,५०,९२४ रुपियाँ, नेपाल विद्यार्थी संघले हलचौर प्रयोग गरेबापत ८,७८,४७६ रुपियाँ, उपभोक्ता मञ्च नेपालले स्टल नं. १ र २ प्रयोग गरेबापत ३६,८९,३९८ रुपियाँ, कराते संघले १६ नम्बर स्टल प्रयोग गरेबापत ३,४८,९३६ रुपियाँ, नेपाल मोबाइल व्यवसायी संघले हलचौर प्रयोग गरेबापत २०,००० रुपियाँ समाज कल्याण परिषद्लाई भाडाबापत बुझाउनुपर्ने देखिन्छ ।

त्यसै गरी नेपाल साना पसल श्रमिक संघले ३,६०,९०४ रुपियाँ, सिर्जना आर्ट ग्यालरीले ३४ नम्बर हल प्रयोग गरेबापत २,३३,७७८ रुपियाँ, ग्रामीण महिला तथा बालबालिकाले ३६ नम्बर स्टलको प्रयोग गरेबापत ५२,०५१ रुपियाँ, डाइरेक्सन नेपालले १२,३७,३६४ रुपियाँ, राजनीतिक पीडित सहायताले ७४ नम्बर स्टल प्रयोग गरेबापत १,७६,९१७ रुपियाँ, हुयाप्पी डिलले हलचौर प्रयाग गरेबापत ५,८५,००० रुपियाँ र पीसीसीटी नामको संस्थाले १,२२,८०१ रुपियाँ समाज कल्याण परिषद्लाई भाडाबापत बुझाउनुपर्ने उल्लेख छ ।

समाज कल्याण परिषद् समाजको कल्याणको लागि स्थापना गरिएको संस्था हो । देशमा गणतन्त्र स्थापनापछि झन् सशक्तरुपमा परिचालन गरिनुपर्ने संस्थालाई राजनीतिक घेराभित्र सीमित पारियो । संस्थाको लैनचौर स्थित कार्यालयलाई उपराष्ट्रपतिको निवास स्थानमा परिणत गरियो । समाज कल्याण परिषद्को कार्यालयलाई छिन्नभिन्न पारियो । त्यहाँ हुने र गरिने पदाधिकारीहरुको नियुक्तिमा जो सत्तामा पुगेको दल छ त्यसैका कार्यकर्ताहरुको बपौती बन्न पुग्यो । राजनीतिक भागवण्डाकै आडमा करोडौँको रकम उठ्न बाँकी रहेको देखिन्छ । ४१ लाख वा ३६ लाख भाडाको रकम पुगिसक्दा पनि किन बेलैमा कार्यवाही हुन सकेन भन्ने प्रश्नको उत्तर सम्भवतः समाज कल्याण परिषद्सँग छैन । के ती संस्थागतरुपमा वा व्यक्तिगतरुपमा भाडामा लिएका भाडावालहरु भाडा तिर्नुपर्छ भनेर फरार भएकै हुन् त ? यो विषयलाई गम्भीररुपमा लिई निष्पक्ष छानबिन हुन जरुरी छ ।

समाचारमा समाज कल्याण परिषद्का प्रशासन प्रमुख दुर्गाप्रसाद भट्टराईको भनाइ पनि राखिएको छ । उहाँले भाडा नदिनुको मुख्य कारण राजनीतिक पहुँच नै भएको स्वीकार्नुभएको छ । २०५२ सालदेखि भाडामा लिएका तर नतिरेकाहरुलाई सम्पर्क गर्ने प्रयास गरिएको बताउँदै प्रशासन प्रमुख भट्टराईले ५४ पटक त सम्बन्धित व्यक्तिलाई पत्राचार नै गरेको कुरा बताउनुभएको छ तर पुरानो ठेगानामा पत्राचार गर्दा पत्रहरु फिर्ता आउने गरेको बताउँदै भृकुटीमण्डप परिसरमा ४२ वटा संघसंस्था र व्यक्तिहरुले गएको असार सम्ममा ६ करोड ५३ लाख रुपियाँ समाज कल्याण परिषद्लाई बुझाउनुपर्ने कुरा बताउनुभएको छ ।

यस अर्थमा जब राजनीतिक दबाबले यत्रो वर्ष अलमल्याउन सफल हुन्छ भने अहिले पनि समाज कल्याण परिषद् राजनीतिक दबाबबाट मुक्त हुन सकेको छैन । कम्तीमा जबसम्म परिषद्को कार्यालय सञ्चालनको लागि छुट्याइएको जग्गा र सोमा बनेको भवन परिषद्लाई फिर्ता हुँदैन तबसम्म राजनीतिबाट परिषद् मुक्त भएको परिकल्पना गर्न सकिन्न भन्ने जनजनको बुझाइ रहेको छ । देशलाई सत्ताधारी राजनीतिक व्यवसायीहरुले जतिसुकै फूलबुट्टा भरेर समाजलाई समुन्नत बनाउने कुराको उद्घोष गरे तापनि विश्वास गर्न सकिने अवस्था रहेन । थरीथरीका सरोकारवालाहरु विशेष गरी सरकार पक्षीय सरोकारवालाहरु र कथित प्रतिपक्षीय सरोकार वालाहरुको बेला न कुबेलाको शाब्दिक द्वन्द्व अनि ठाउँ-कुठाउँ प्रस्तुत भइरहने दम्भीय शब्दहरुको प्रस्तुतिले समाज समृद्धिका लागि देखाएका सपना र बुनेका योजनाहरुले साकार रुप धारण गर्लान् भन्ने अवस्था विद्यमान रहिरहनेछ भन्ने कुरामा जनमतले विश्वास गर्न छोडिसकेका छन् । सशस्त्र द्वन्द्वबाट राज्य रुपान्तरण भएको भन्ने कुराको जतिसुकै व्याख्या गरिए तापनि त्यसको फलिफाप केही वर्ग र राजनीतिक व्यवसायीहरु र तिनका आसेपासेदेखि बाहेक सम्पूर्ण जनताको हितमा सार्थक सम्बोधन हुन सक्दै सकेन ।

देशमा रहेको प्रतिनिधिसभामा हुने छलफल नाममात्रको हुने गर्दछ । चोचोमोचो नमिलेसम्म एक-अर्काको विरोध गरेर देखाउने एक समूहले कथित बैठक नै चल्न नदिने र त्यसैलाई शिरोपर गरी अध्यक्षमार्फत बैठक स्थगित वा अर्को दिनमा सार्ने परम्परा नै बनिसकेको छ । जब एक-अर्काबीच चोचोमोचो मिल्छ, प्रतिनिधिसभा मिलेमतो सभामा परिणत हुन जाने गर्दछ । फरक-फरक मितिका फरक-फरक घटनाक्रमले यसै कुरालाई प्रमाणित गर्दै गइरहेको छ । भर्खरै राजनीतिक अंशियारहरुको चलिरहेको घम्साघम्सी अहिले देखावटीरुपमा मत्थर भएको छ । वर्षौंदेखि युवाहरुलाई दिग्भ्रमित बनाउँदै साम, दाम, दण्ड, भेदको प्रयोगमार्फत सडकमा उतार्दै, अझ थप बेरोजगार युवाहरुलाई आवश्यकताअनुसार प्रयोग गराउँदै जिन्दावाद होस् वा मुर्दावादको नारा लगाउन र थपडी बजाउनको लागि मात्र विभिन्न दलका मठाधीशहरुले कार्यकर्ताहरु र जनतालाई पंगु बनाउनसम्म बनाएको अवस्था वर्तमान घटनाक्रमले पनि प्रमाणित गरिरहेको छ ।

थरीथरीका राजनीतिक अंशियारहरुले त्यति बेला आह्वान गरेको आन्दोलनमा कैयौँ युवाहरु ज्यानको बाजी लगाएर होम्मिए । आज तिनैका सन्तानहरु रोजीरोटी र देशको लागि भनी खाडी मुलुकमा पुगेर पसिनामात्र बगाउँदै छैनन्, ज्यानसमेत गुमाइरहेका छन् । पछिल्लोपटक रुस-युक्रेन युद्धमा नेपालीहरुले ज्यान गुमाइरहेका खबरहरुले यसै कुरालाई प्रमाणित गरिरहेको छ ।

बारम्बार किन यस्तो भइरहन्छ ? शासन सञ्चालनमा के कुराको कमी हुन गयो र देश दिनदिनै भड्खालोमा फस्दै छ ? जनजनले राम्रोसँग अझै ठम्याउन सकेका छैनन् । तर विडम्बना, यो विषयलाई कुनै राजनीतिक अंशियारहरुले प्रस्ट पार्नुपर्ने आवश्यकता पनि सम्झेका छैनन् । प्रत्येक राजनीतिक अंशियारको काम भनेको आफ्ना गुटका युवाहरुको भेला गराउनु र आवश्यकताअनुसार थपडी मार्न लगाउनु, बोलकबोलको रकम लेनदेन गर्नु/गराउनु, समयअनुसार गर्नैं पर्ने कामहरुलाई ओझेलमा पार्नुलाई नै राजनीतिक मठाधीशहरुले आफ्नो महत्वपूर्ण कार्य ठानिआएका छन् ।

आपसी स्वार्थ नमिलेर भर्खरै छुट्टिएकाहरुको गुटले पनि तिनै युवाहरुको भेला गराउँछ, थपडी मार्न लगाउँछ, बोलकबोलको रकम लिनेदिने हुन्छ र अनि पछि ओझेल गराइन्छ । प्रतिपक्षीलगायत राज्यको स्रोत दोहनमा सहभागी भएका वा भइसकेका दलहरुले पनि आवश्यक पऱ्यो भने तिनै युवाहरुको भेला गराउँछ, थपडी मार्न लगाउँछ र पछि पुनः ओझेल गराउँछ । यो कार्यको निरन्तरता वर्षौंदेखि चलिआएको छ, अन्त्य कहिले हुने हो, कुनै टुंगो छैन ।

(साभार: नेपाल समाचार-पत्र)

सरकारी सवारी धमाधम कवाडीमा, ईभीमा बदल्न खोज्नेहरू घनचक्करमा

काठमाडौं/तालुक निकायबाट अहिले सबैजसो सरकारी कार्यालयहरुमा पुगेको एउटा निर्देशन हो, बेवारिसे अवस्थामा रहेका सवारी साधनहरु लिलाम बिक्री गरिहाल्नू । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस्ता बेवारिसे अवस्थामा रहेका सवारी साधनहरुको पाटपूर्जा चोरी हुने, कार्यालय परिसर अस्तव्यस्त हुने लगायतका कारण देखाएर आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनअनुसार सबै मन्त्रालय, आयोग, सचिवालय र सरकारी निकायलाई लिलामीमा लैजान निर्देशन दिएको छ ।

चालु आर्थिक वर्ष २०८०/८१को बजेटको घोषणामा समेतलाई देखाएर सरकारी कार्यालयहरु पुराना सवारी लिलाम गर्न अघि सरेका छन् । यसरी लिलाम भएका सवारी कुच्याएर पार्टपूर्जा छुट्याएर कवाडीमा बेचिन्छन् । तर, यही बेला यस्ता पुराना पेट्रोलियम सवारीलाई विद्युत् र अन्य ग्यासबाट चल्ने सवारीमा रूपान्तरण रुपान्तरण (कन्भर्जन) गर्न अघि सारेकाहरु निराश भएर सिंहदरबारको चक्कर काटिरहेका छन् । सरकारले बनाएको कन्भर्जन गर्न अनुमति दिने नीति र विकसित प्रविधिअनुसार काम हुन पाएमा यस्ता पुराना सवारीहरु नयाँ जीवन पाएर फेरि वातावरणमैत्री स्वरुपमा सडकमा फर्किन सक्छन् । तर, कन्भर्जनको नीतिअनुसार कार्यविधि र मापदण्ड नहुँदा योजना कागजमै सीमित बन्न पुगेको छ ।

कन्भर्जनको अनुसन्धाकर्ता कम्पनी ई-बहानले गरेको प्रारम्भिक अध्ययनअनुसार करिब २५ सय पुराना गाडी सिंहदरबार र काठमाडौंका विभिन्न सरकारी कार्यालयहरुभित्रै थन्किएका छन् । चल्न छोडेका सयौं सरकारी सवारी साधनलाई विद्युतीय सवारीमा परिणत (ईभी कन्भर्जन) गर्न सकिने अवस्था देखाउँदै कम्पनीले सरकारका विभिन्न निकायमा कानुनी हड्चनहरु खोल्न भने पनि सरकार नयाँ गाडी किन्न र पुराना गाडी कवाडीको मूल्यमा बेच्नमै केन्द्रित छ ।

कन्भर्जनको काममा कायम गर्नुपर्ने गुणस्तर मापदण्ड र त्यस्ता सवारीको दर्ता हुने विधि नै स्पष्ट नभएपछि यो कामलाई व्यावसायिक ढंगले अघि बढाउन चाहेकाहरु काम गर्न चाहेकाहरु हतोत्साही छन् ।

युवा इन्जिनियरहरुको 'ई-बहान मोटोकर्प'का थोत्रा र कवाड सवारी साधनलाई फेरि सडकमा ल्याएर कुदाउने योजनामा करिब २ वर्षदेखि काम गरिरहेको छ । सरकारले पेट्रोलियम सवारीलाई विद्युतीयमा बदल्न दिने नीति लिएपछि उत्साहित भएर अनुसन्धानमा लागेको युवाको टिम अन्तत: विदेश नै जानेबारे सोचिरहेको बताउँछन्, ई-बहानका संस्थापक अविरल पोखरेल ।

द्रनेपालमा पुराना पेट्रोलियम सवारीलाई विद्युतीय सवारीका रुपमा बदल्ने काम गर्न हामी एउटा टिम नै बनेर काम गरिरहेका छौं, तर अब काम नहुने भएपछि हामी पनि विदेश जानुपर्छ कि भन्ने सोचिरहेका छौं' उनले भने, द्रनीति बनाएको सरकारले विद्युतीय सवारीको कन्भर्जनलाई विश्वसनीय बनाउन, त्यस्ता सवारी निर्वाध चल्न दिन र अन्य सवारीसरह मान्यता दिन कार्यविधि नै बनाएनन् ।'

उनका अनुसार सरकारले विद्युतीयमा बदलिएका सवारीलाई सडकमा फर्किन अनुमति दिए ती सवारीले कालो धुवाँ फाल्ने छैनन् । ब्याट्रीबाट चल्ने सवारीले देशभित्र उत्पादन भएको बिजुली खपतमा सहयोग पुऱ्याउनेछन् ।

ई-बहानकै जस्तो काम गर्न चाहाने अरु धेरै कम्पनीहरु पनि सरकारी कार्यशैलीसँग असन्तुष्ट छन् । देशका लागि अत्यावश्यक रहेको भन्दै तुरुन्तै काम हुने जवाफ दिइरहने तर, निर्णय नगरिदिने परिपाटीले कन्भर्जनमा काम गर्न अघि सरेकाहरु निराश बनेका हुन् ।

सिंहदरबार, यातायात व्यवस्था विभाग र प्रदेशअन्तर्गतका यातायात कार्यालयहरुमा धाउँदा-धाउँदै वाक्कदिक्क भइकेका उनीहरु पटक-पटक फेरिने मन्त्री, सचिव र

महानिर्देशकलाई कुरा बुझाउन नसकेरै हैरान छन् । खासमा धेरैको इच्छा सरकारका पुराना सवारीहरुबाटै विद्युतीयमा रुपान्तरणको काम थाल्ने छ । त्यसो भएमा सरकारले यस्ता कन्भर्जन हुने सवारीको गुणस्तर सनिश्चित गर्न सहज हुने उनीहरुको तर्क छ । तर, सरकार कार्यालयहरुमा त्यतिकै थन्किएका पुराना गाडीहरु कवाडीमा लिलाम गर्न मात्रै अघि सरेको छैन, तर ती सवारीलाई कन्भर्जनका लागि युवा प्राविधिक र इन्जिनियरहरुलाई काम गर्न दिनुभन्दा नदिनु नै उचित हुने किसिमको व्यवहार गरिरहेको छ । अहिलेसम्म कन्भर्जन हुने सवारीको ब्लु-बुक कसरी जारी गर्ने, सवारी दर्ता गरेर कसरी नम्बर दिने, कति वर्ष आयु तोक्नेजस्ता विषयमा सरकारको नीति स्पष्ट छैन ।

कन्भर्जनका सफल 'प्रयोग'लाई प्रमाणीकरण गर्दै व्यावसायिक बनाउने कम्पनीहरुको चाहनामा कानुनी व्यवस्थाहरु नै बाधक छन् । पछिल्लो समयमा कन्भर्जनको अनुमति मागदै यातायात व्यवस्था विभाग र प्रदेशअन्तर्गतका यातायात कार्यालयहरु पुग्नेहरुको सूची लामो छ । तर, सरकारी अधिकारीहरुले उनीहरुलाई नीति नियम स्पष्ट नभएकाले अनुमति दिन नकिने जावाफ दिँदै फर्काइरहेका छन् ।

यातायात व्यवस्था विभागका महानिर्देशक उद्धबप्रसाद रिजाल कन्भर्जन नेपालमा प्राविधिक रुपमा सम्भव देखिसकेको बताउँछन् । तर, कन्भर्जन हुने सवारी एउटा कम्पनीको हुने र कन्भर्जन गर्ने कम्पनी अर्कै हुने अवस्थाले चुनौती देखिएको उनले बताए ।

द्रविदेशमा आफ्नै सवारी उत्पादन हुने भएकाले कन्भर्जनमा कुनै समस्या देखिए वा कन्भर्टेड सवारीहरु प्राविधिक कारणले दुर्घटनामा परेमा सम्बन्धिकत कम्पनी जिम्मेवार हुन्छ, तर यहाँ त्यस्तो अवस्था छैन,' उनले भने,'पेटेन्ट राइट र ट्रेडमार्कको सवाल पनि भएले यसमा भोलि अन्तर्राष्ट्रिय रुपमा प्रश्न उठ्न सक्ने सम्भावना देखेका छौं ।'

यस्तो चुनौती हल गर्नेबारे अनुसन्धानकर्ता कम्पनीलाई सोधिएको तर स्पष्ट जवाफ पाउन नसकिएको उनले बताए । धरानमा फोहोरबाट उत्पादित ग्यासबाट चल्ने गरी विकास गरिएको टेम्पोमा पनि यही समस्या आएकाले प्रदेश अन्तरगतको यातायात कार्यालयले अनुमति दिन नसकेको महानिर्देशक रिजालले बताए ।

कार्यविधि समेत बनेन

११ चैत २०७८ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गर्दै इन्धन प्रणालीमा वातावरणमैत्री वा ऊर्जा दक्षतामूलक फेरबदल गर्न तीन वर्षसम्मका लागि छुट दिने व्यवस्था गरेको थियो ।

पेट्रोल तथा डिजेल सवारीलाई विद्युतीय वा अन्य वैकल्पिक इन्धनबाट चल्ने सवारी साधनमा रुपान्तरण (ईभी कन्भर्जन) गर्न दिने गरी बनेको यो नियमको कार्यान्वयन कहिले र कसरी हुन्छ भन्ने स्पष्ट छैन । यो सूचनाले पेट्रोल तथा डिजेल गाडीहरुलाई विद्युतीय वा अन्य वैकल्पिक ग्यासबाट चल्ने सवारीमा रुपान्तरण गर्न प्रोत्साहन मिल्ने सरकारको अपेक्षा थियो ।

कन्भर्जनमा अनुसन्धान र कम गरिरहेका र गर्न चाहनेहरु पनि यसबाट उत्साहित थिए । तर, व्यावसायिक रुपमा कन्भर्जनको अनुमति लिन जानेहरुलाई सरकारले कानुनी बाटो नै बन्द गरेर राखेको छ । पटक-पटक अनुमतिका लागि आवेदन दिएकाहरुलाई कानुनकै अभाव देखाएर निराश बनाउने काम लगातार हुँदै आएको छ ।

कन्भर्जनलाई प्रवद्धन गर्नसके थन्किएका पुराना गाडी प्रयोगमा आउने, भारतबाट हुने सवारी र पेट्रोलियम आयात घट्ने, देशभित्र उत्पादित बिजुली पनि खपत बढ्ने, कवाडीमा लिलाम हुन लागेका सरकारी गाडी पुन:प्रयोगमा आउने ई-बहानका संस्थापक पोखरेल बताउँछन् । 'त्यसले देशको विदेशी विनियम सञ्चिति र राज्यकोषको रकम पनि बचत हुन्छ,' पोखरेलले भने,'नीति निर्माताहरुले कन्भर्जनको महत्व नै बुझ्न सक्नुभएन ।'

छिमेकी मुलुक भारत सरकारले समेत पछिल्लो समयमा स्पष्ट नीतिहरु ल्याएर कन्भर्जनलाई प्रवर्द्धन गरिरहेको छ, नेपालमा भने यसलाई प्रारम्भिक रुपमा विकास हुन दिने गरी एउटा समान्य कार्यविधि समेत बनाइएकोमा अनुसन्धानकर्ताहरु असन्तुष्ट छन् । कतिपय सरकारी नीति र नियमहरु कन्भर्जनलाई निरुत्साहित गर्ने खालका छन् ।

बागमती प्रदेशको प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ले ७ वर्षभन्दा पुराना सवारीलाई विद्युतीयमा रुपान्तरण गर्न नसकिने व्यवस्था गरिसकेको छ । त्यसैले पनि संघ सरकारले भनेअनुसार नै बागमतीमा कन्भर्जनका उद्योगहरु स्थापना हुनसक्ने अवस्था छैन । ७ वर्षसम्मका गाडीहरु प्राय: नयाँ नै मानिन्छन् र कन्भर्जनका लागि प्रयोगकर्ता तयार हुँदैनन् ।

नचलेर कवाडीमा थन्काइएका गाडीहरुलाई नै विद्युतीयमा रुपान्तरण गर्न सकिने र त्यसले वातावरण र अर्थतन्त्रलाई अझ बढी लाभ दिने विज्ञहरुको भनाइ छ । प्रदेश कानुनअनुसारको ७ वर्ष आयु नपुगेका नयाँ सवारीलाई कन्भर्जनमा लैजान तयार हुनेहरु भेट्न नै मुस्किल हुन्छ । १७-१८ वर्ष पुगेर पर्फमेन्स खस्किएका सवारीधनीहरुले यसमा बढी रुचि देखाउने भएकाले कानुन पनि त्यसैअनुसार बनाउनुपर्ने माग अनुसन्धानकर्ताहरुको छ ।

बागमती प्रदेशअन्तर्गतको साना ठूला सवारी कार्यालय एकान्तकुनाका प्रमुख हरिहर पोखरेल विद्युतीय रुपान्तरणको अनुमति दिने कार्यविधि नै जारी नभएको बताउँछन् । कार्यालयमा धेरै कम्पनी र व्यक्तिहरु कन्भर्जनको अनुमतिका लागि आइरहेको जानकारी दिंदै उनले स्पष्ट नीति नियम नहुँदा प्रक्रिया पूरा गर्न नै नसकिएको बताए ।

'एउटा ब्रान्डले एउटा चेचिस नम्बर लिएर बनाएको सवारीलाई कन्भर्जनमा लैजाँदा त्यसमा बौद्धिक सम्पत्तिको सवाल पनि उठ्छ, त्यसको दर्ता विधि, सवारी नम्बर दिने प्रणाली जस्ता विषयहरु भने स्पष्ट नहुँदा हामीले अनुमति दिनसक्ने कुरै भएन,' उनी भन्छन्, 'प्रदेशकै ऐनले पनि धेरै पुराना गाडीलाई कन्भर्जन गर्न रोकेको छ । त्यसैले यसमा अनुसन्धान र काम गर्न चाहनेहरुलाई सहयोग गर्न सकेका छैनौं ।'

हालको यातायात व्यवस्था ऐनले सरकारको अनुमति नलिई सवारीमा पार्टपूर्जाबाहेक अन्य कुनै प्रकारको परिवर्तन गर्न नहुने व्यवस्था गरेको छ । ऐनको दफा ३१ को उपदफा १ मा सवारी धनीले अधिकारप्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ, सिट संख्या, स्वरूप, इन्जिन वा चेसिसमा परिवर्तन हुने गरी सवारीमा हेर फेर गर्न नहुने उल्लेख छ । अहिले पनि यही नियम देखाएर कार्यालयहरु अनुमति जारी गर्न डराइरहेका छन् । राजपत्रको सूचना कार्यान्वयन गर्न पनि थप विधिहरु स्पष्ट नभएको र कन्भर्जन भएका सवारीलाई कसरी वैधता दिने भन्ने स्पष्ट नभएको अधिकारीहरु बताउँछन् ।

विज्ञहरुका अनुसार कन्भर्जनको अनुमति दिनुअघि कम्पनीहको दक्षताको प्रमाणीकरण गर्नुपर्ने व्यवस्था हुनुपर्छ, यसले कन्भर्जनलाई विश्वासनीय बनाउँछ, ग्राहक पनि ठगिन पाउँदैनन् । सवारी साधनलाई मनलाग्दी ढंगले रुपान्तरण गर्न निरुत्सहित गर्ने व्यवस्थाहरु आवश्यक छन् ।

सरकारले कन्भर्जन भएका सवारीको जाँचपास गर्ने व्यवस्था पनि गरेको छैन । सरकारले नियमनमा ध्यान नदिँदा कारण भारतबाट केही मेकानिक ल्याएर वर्कसपहरुमा जथाभावी कन्भर्जन गराउने क्रम चलिरहेको छ । जथाभावी शुल्क असुलेर गुणस्तर प्रमाणीकरण नभएका पार्टपूर्जा र ब्याट्रीको प्रयोग भइरहेको छ । जथाभावी भइरहेको यस्तो कन्भर्जनले भविष्यमा ग्राहकलाई असन्तुष्ट बनाउने र यसबारे नकारात्मक धारणा फैलिने डर यसको अनुसन्धान र विकासमा काम गरिरहेकाहरुलाई छ ।

जथाभावी कन्भर्जन गर्न दिने तर, वैधानिक रुपमा गर्नलाई रोक्ने सरकारी प्रवृत्तिले समस्यामाथि समस्या थप्ने विज्ञहरु बताउँछन् । 'ईभी कन्भर्जन'बारे राम्रो ज्ञान र विशेषज्ञता नभएका व्यक्तिले भारत वा चीनबाट कन्भर्जन किट ल्याएर कन्भर्ट गर्ने अवस्था बन्न दिनु नहुने बताउँछन्, कन्भर्जनको अनुसन्धानमा काम गरिरहेको दी गोका प्रबन्ध निर्देशक राजन रायमाझी । 'जथाभावी भयो भन रुपान्तरित सवारीहरुले दुर्घटना निम्त्याउन थाल्छन्, सरकारले यसलाई नै जोखिमपूर्ण ठहर गरेर रद्द गरिदिन सक्छ', रायमाझी भन्छन्, द्रत्यसैले यसलाई स्पष्ट नीति र विधिमार्फत नियन्त्रण र नियमन गर्न ढिला गर्नहुन्न ।'

ई-बाहनका संस्थापक पोखरेल सानो लगानीमा हुने ईभी कन्भर्जनले ठूलो लाभ दिने भए पनि सही ढंगबाट हुने सुनिश्चित सरकारले नै गर्नुपर्ने बताउँछन् । 'नेपाल विज्ञान प्रविधि प्रतिष्ठान (नास्ट) जस्ता निकायले यस्ता काम गर्ने कम्पनीहरुको प्रमाणीकरण गर्ने र सरकारले यो विधि र प्रक्रियाबाट यस्तो मापदण्डमा सवारीको कन्भर्जन गर्ने भन्ने नीति नियम बनाउनुपर्छ,' उनी भन्छन्, 'यस्ता सवारीलाई सडकमा अन्य सवारीसरह नै निर्वाध गुड्न पाउने गरी वैधानिकता लागि सबै व्यवस्था भए ईभी कन्भर्जनमा फड्को मार्न समय लाग्दैन ।'

कन्भर्जनमा अभ्यासरत नेपाल

नेपालका लागि सवारीको इन्धन प्रणाली विद्युतीयमा रुपान्तरणको अभ्यास बिल्कुल नौलो कुरा होइन । सन् १९९३ मा इन्जिनियर डा. गोविन्दराज पोखरेलसहितको टिमले यूएसएडको सहयोगमा पेट्रोलियम प्रयोग गर्ने तीन पाङ्ग्रे (बिक्रम टेम्पो) लाई विद्युतीय सवारी साधनमा रुपान्तरण गर्नेबारे अनुसन्धान गरेका थिए । एउटा डिजेल टेम्पोलाई विद्युतीय बदल्ने 'प्रोजेक्ट' सफल भएपछि त्यसकै आधारमा नेपालमा विद्युतीय टेम्पो बनाउन सुरु भएको थियो । केही वर्षमा नै बिजुली द्रसफा टेम्पो'ले डिजेलले चल्ने बिक्रम टेम्पोलाई प्रतिस्थापित गरेको थियो ।

काठमाडौं विश्वविद्यालयले पुरानो 'मारुती सुजुकी कार'लाई विद्युतीय कारमा बदलेको छ । विश्वविद्यालयको ग्रिन हाइड्रोजन ल्याबका विद्यार्थीको समूहले पूर्वउपकूलपतिले चढेको कारलाई विद्युतबाट चल्ने बनाएका छन् । अब उनीहरुले यही कारलाई हाइड्रोजन इन्धनबाट चल्ने बनाउने परियोजनामा काम गरिरहेका छन् । अभियन्ता महावीर पुनले सञ्चालन गरेको राष्ट्रिय आविस्कार केन्द्रले पनि पेट्रोल गाडीलाई विद्युतीयमा रुपान्तरण गर्ने परियोजनामा काम गरिरहेको छ ।

नेपालमा शोध र अनुसन्धान मात्रै होइन, पुराना कारलाई विद्युतीयमा बदल्ने औद्योगिक परियोजनामा काम गर्न तयार भएर बसेका कम्पनीहरु पनि छन् । 'नाडा अटो शो २०१९' मा 'दी गो ग्रुप अफ कम्पनिज'ले इन्धन प्रणाली रुपान्तरित गरेको गाडी राखेको थियो । धेरैको ध्यान तानेको 'डेवुज माटिज' सन् २००० मै बनेको पेट्रोल गाडी थियो, कवाडी पुगिसकेको गाडीलाई 'दी गो' कम्पनीका इन्जिनियरले इन्धन प्रणाली बदलेर विद्युतीय सवारीमा रुपान्तरण गरेका थिए ।

तर, कम्पनीले कन्भर्जनलाई व्यावसायिक रुपमा अघि बढाउन सकेन, किनभने सरकारी नियम र निकायहरु यसका पक्षमा थिएनन् । सरकारले रुपान्तरण गर्न नदिएकाले सकारात्मक परिवर्तनको काममा ब्रेक लागेको सम्झिन्छन् दी गोका प्रबन्ध निर्देशक राजन रायमाझी ।

अवस्था अहिले पनि बदलिएको छैन । रायमाझी अझै पनि सरकार कन्भर्जनबारे स्पष्ट र सचेत भएको देख्दैनन् । सही ढंगले गरियो भने ईभी कन्भर्जन नयाँ उद्योगको रुपमा विकास हुने उनको भनाइ छ । नेपालले ईभी रुपान्तरणको काम गरेमा देशको धेरै पैसा बचाउने उनले बताए ।

नेपालमा विद्युतीय सवारीको बजार फस्टाउँदै गएकाले यस्तो रुपान्तरणले नयाँ प्रविधिमा आधारित सवारीको मर्मत सम्भारमा तालिम दिने अवसर पनि दिने रायमाझीको भनाइ छ ।

तर, रुपान्तरण खुला गर्दा पर्याप्त गृहकार्य नगरी तदर्थ रुपमा ल्याइएको महसुस भइरहेको पनि रायमाझीले बताए । सुरुवात गर्न बाटो खोलिए पनि तीन वर्षको लागि मात्र दिइएको आवधिक अनुमतिले सवारी रुपान्तरणलाई व्यावसायिक बन्न नदिने उनी बताउँछन् । ;'तीन वर्ष मात्रै अवधि तोकेर हुन्न, स्पष्ट नीति र कार्यविधि किन पनि छैन,' उनी भन्छन्, 'यदि रुपान्तरण सहीसँग भएन भने ती सवारीले जोखिम पनि निम्त्याउन सक्छन् भन्ने पक्षलाई पनि सरकारले ध्यान दिनुपर्छ ।'

निश्चित वर्षभन्दा पुराना कारलाई ईभीमा रुपान्तरणका लागि अनुमति नदिने व्यवस्थाले पनि सही ठाउँमा नलैजाने उनको मत छ । कवाडीमा थन्किएका सबै सवारी साधन परिवर्तन गर्न सकिने रामयाझी बताउँछन् । 'जब इन्जिनलाई इलेक्ट्रिक मोटरले बदल्नुहुन्छ,' रायमाझी भन्छन्, द्रयी कारहरु बलियो चेचिस भएसम्म राम्रोसँग चल्न सक्छन्, सरकारले बुझ्नुपर्छ ।'

(स्रोत: अनलाइनखबर)

'डिग्री माइला'को गफाडी प्रतियोगिता घोषणा

काठमाडौं/नयाँ वर्षको अवसर पारेर यही चैत ३० गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको रामबाबु गुरुङ निर्देशित फिल्म 'डिग्री माइला'ले कथावस्तुअनुसार गफाडी प्रतियोगिता घोषणा गरेको छ । गत हप्ता सार्वजनिक ट्रेलरमा अभिनेता दयाहाङ राई गफाडी पात्रको रुपमा प्रस्तुत थिए । त्यही पात्र बनेर आफ्नै बारेमा गफ दिएको बढीमा ३ मिनेटसम्मको भिडियो प्रतिस्पर्धाका लागि पठाउनुपर्नेछ ।

फिल्मको शीर्षक र प्रदर्शन मितिसहित निर्माण कम्पनी बाँसुरी फिल्मस्को युट्युब च्यानलमा सब्सक्राइब र फेसबुक पेजमा भिडियो ट्याग गर्दै इमेल पनि पठाउनुपर्नेछ । प्रतियोगितामा प्राप्त हुने भिडियोमध्ये उत्कृष्ट तीनजनाले होनर ब्रान्डका मोबाइल पाउनेछन् । त्यस्तै, सन्त्वना पुरस्कारस्वरुप ५० वटा टिकट पनि प्रदान गरिने जनाइएको छ । यही चैत २७ गतेसम्म भिडियो पठाइसक्नुपर्नेछ ।

फिल्ममा दयाहाङसहित आँचल शर्मा, प्रकाश घिमिरे, माओत्से गुरुङ, बुद्धि तामाङ, विजय बराल लगायतको पनि अभिनय छ भने अभिनेत्री ऋचा शर्मा विशेष भूमिकामा छिन् । फिल्ममा शिवराम श्रेष्ठ र रिले एच। शेनको छायांकन तथा निमेष श्रेष्ठको सम्पादन छ । २०६९ र ०७१ सालमा गरी दुईपटक मण्डला थिएटरमा मञ्चन भएको 'डिग्री माइला' नाटकमा आधारित भएर फिल्म बनेको हो ।

द्वियौनिक महिलाको कथामा 'मीरा', यस्तो छ पोस्टर

काठमाडौं/अनिता पण्डितको लेखन तथा निर्देशनमा तयार भएको फिल्म 'मीरा: स्याडो अफ अ रेन्बो'को दुई पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । एउटा पोस्टरमा अनिता पण्डित र सुरवीना कार्की रोमान्टिक भावमा प्रस्तुत छन् । अर्थात् फिल्मले लैङ्गिक र यौनिक विषय उठाएको पोस्टरले पुष्टि गर्छ । फिल्मको प्रदर्शन मिति भने निश्चित भइसकेको छैन ।

अटिजम भएको एक बच्चाको समस्या र प्राकृतिक रुपमा पुरुष र महिला दुवैमा आकर्षित हुने द्वियौनिक महिलाको कथामा फिल्म बनेको निर्देशक पण्डितले जानकारी गराएकी छन् । अटिजम र यौन शिक्षाको अभिमुखीकरणमा फिल्मले महत्त्वपूर्ण भूमिका खेल्ने उनको विश्वास छ । केही दिनमा ट्रेलर रिलिज गरेर लक्षित दर्शकहरुलाई विशेष शोमार्फत् फिल्म देखाउने तयारीमा अनिता छिन् ।

फिल्ममा अनिता र सुरवीनासहित निशान चौहान, कैलाश रावल, रोशनी कार्की र बाल कलाकार आश्विव घिमिरे लगायतको अभिनय छ । आश्विव फिल्मसले निर्माण गरेको फिल्ममा अनिल कटुवालको छायांकन, एलिस कार्कीको संगीत, विजेश पौडेलको सम्पादन र पवित्रा घिमिरेको शब्द रचना छ । विशाल घिमिरे तथा अनिता पण्डित निर्माता रहेको फिल्ममा सोहन पण्डित सह-निर्मातामा छन् ।

केकीको 'बोक्सीको घर'का लागि प्रकाशले तयार पारे गीत

काठमाडौं/फिल्म 'परदेशी २' र 'बदला बरी लै' गीतको सफलतापछि अभिनेत्री केकी अधिकारी र गायक तथा अभिनेता प्रकाश सपूतबीच पुन: एकपटक सहकार्य भएको छ । केकीको निर्माण तथा अभिनय रहेको फिल्म 'बोक्सीको घर'का लागि प्रकाशले 'बुझिनँ मैले' बोलको एक गीत पारेका छन् । गीतमा गायक सपूतको शब्द तथा संगीत छ भने गायनमा उनलाई समीक्षा अधिकारीले साथ दिएकी छन् ।

यो गीतको यसै साता भिडियो छायांकन पनि भइसकेको छ । गीतमा केकी स्वयं देखिएकी छन् । फिल्मकै लुक्समा उनले अभिनय गरेकी छन् । भिडियोमा सुनिल क्षेत्रीको कोरियोग्राफी छ । यो गीत दर्शकका लागि पृथक लाग्ने गायक सपूतको विश्वास छ । उनले तयार गर्ने गीत अक्सर चर्चामा आउने गरेका छन् । यसैले केकीले फिल्मको गीतका लागि प्रकाशको साहरा लिएको हुन सक्छिन् ।

करिब आठ वर्षअघि मञ्चन भएको नाटक 'बोक्सीको घर'मा आधारित भएर निर्माण भएको फिल्ममा सुलक्षण भारतीको लेखन तथा निर्देशन छ । फिल्ममा केकीसँगै सुलक्षण भारती, सुपला सापकोटा, श्वेच्छा राउत, रमा थपलिया, सुष्मा निरौला, सबिन बास्तोला लगायतको अभिनय छ । महिलालाई बोक्सीको आरोप लगाएर समाजले उनीहरुमाथि गर्ने शोषणको कथामा फिल्म आधारित छ ।

फिल्मको निर्मातामा केकीका बाबु तथा निर्देशक बद्री अधिकारी छन् भने राज घिमिरे कार्यकारी निर्माता हुन् । आगामी बैशाख १४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा शिवराम श्रेष्ठको छायांकन, लोचन रिजालको ब्याकग्राउण्ड म्यूजिक र लोकेश बज्राचार्यको सम्पादन छ । फिल्मलाई नेपाल प्रदर्शनपछि अन्तर्राष्ट्रिय फेस्टिभलमा सहभागी गराउने केकीको योजना छ ।

नेपाल चलचित्र संघको अध्यक्षमा नरेन्द्र महर्जन विजयी

काठमाडौं/प्रदर्शक तथा वितरकहरुको छाता संस्था नेपाल चलचित्र संघले नरेन्द्र महर्जनको नेतृत्वमा नयाँ कार्यसमिति पाएको छ । शनिबार काठमाडौंमा आयोजित संघको ४९ औं वार्षिक साधारण सभा तथा महाधिवेशनमा महर्जनले आफ्ना प्रत्यासी कुवेर शर्मालाई ६० मतले हराउँदै अध्यक्षमा निर्वाचित भएका हुन् । अब तीन वर्ष उनले संघको नेतृत्व गर्नेछन् । यसअघि उनी संघको महासचिव थिए ।

त्यसैगरी, संघको सदस्यहरुमा छविराज ओझा, गोपाल काजी कायस्थ, देबेन्द्र खड्गी, प्रज्वल सम्सेर राणा, ओमप्रकाश जैशी, करण श्रेष्ठ, आशिष तामाङ, कपिलप्रसाद द्वा, गोविन्द शाही, दिप्रश शाक्य, नीरज गुप्ता, राजकुमार श्रेष्ठ र सुरेन्द्र थापा चयन भएका छन् । १३ सदस्यहरुबाट सहमतिकै आधारमा कार्य विभाजन हुनेछ । त्यसका लागि संघले आइतबार कार्यसमितिको बैठक राखेको छ ।

संघले साधारण सभामा अभिनेता शिव श्रेष्ठ, अभिनेत्री गौरी मल्ल, गायिका देविका बन्दना, निर्माता छविराज ओझा, निर्देशक ज्ञानेन्द्र देउजा, लेखक मौनता श्रेष्ठ, छायांकार मञ्जु श्रेष्ठ, द्वन्द्व निर्देशक योगेन्द्र श्रेष्ठ, सम्पादक नरेन्द्र खड्का, प्रदर्शक तीर्थ प्रधान र रंग पत्रकार विदुर गिरीलाई सम्मान गरेको थियो । २०१३ सालमा स्थापना भएको चलचित्र संघ फिल्म क्षेत्रकै सबैभन्दा पुरानो संस्था हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad,
Hetauda-4
tonerhouse_htd@yahoo.com

४ नम्बर वडामा उपमहानगरको योजना तर्जुमा गोष्ठी

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ जनताबाटै आएको सुझावअनुसार नगरको विकासलाई अघि बढाउने उद्देश्य थालेको हेटौंडा उपमहानगरले ४ नम्बर वडामा योजना तर्जुमा गोष्ठी सञ्चालन गरेको छ ।

नगरवासीलाई आगामी योजनामा समावेश गराउनका लागि आइतबार हेटौंडा उपमहानगरपालिका-४ नम्बर वडामा आर्थिक वर्ष २०८१/८२ को वार्षिक योजना निर्माणका लागि सरोकारवालासँग छलफल तथा सुझाव संकलन गरेको हो ।

वडातहबाटै आएको मागअनुसार काम गर्दा नगरको विकासमा सबैको भावना समेटिने भएकाले १९ वडामा योजना संकलनको काम गरिने उपमहानगरले जनाएको छ । पालिकाको बजेट निर्माणपूर्व ७ चरणमा छलफल र समन्वय गर्नुपर्ने नीतिअनुसार उपमहानगर सबै वडामा पुग्नेगरी काम अघि बढाइएको बताइएको छ ।

आउँदो वर्षका लागि बन्ने बजेटमा वडाको राजश्व संकलनको क्षमताअनुसार बजेट व्यवस्थापन गर्ने सोच रहेको भन्दै राजश्व संकलनलाई प्राथमिकतामा राखेर काम गर्ने तयारी उपमहानगरको छ । ४ नम्बर वडामा भएको सुझाव संकलनमा स्थानीयले शिक्षा, सडक ढल र बहुउद्देश्यीय भवनको कामलाई अघि बढाउ जरुरी रहेको बताएका थिए ।

हेटौंडा-४ का कमल मैनालीले मुख्य बजारक्षेत्रमा रहेको वडाको भौतिक विकास राम्रो नभएको बताए । उनले देशभरबाट आउने मानिसको नजरमा पर्ने वडाको पूर्वाधार विकास प्रकृतिमैत्री र व्यवस्थित हुन जरुरी रहेको बताए । सडकको कालोपत्रे भत्किएको छ, बनेको सडकमा ढल, सडक छेउमा हुनुपर्ने सुन्दरता नभएको उनको भनाई थियो । स्वास्थ्यका हिसाबले पनि वडा निकै समस्यामा रहेको भन्दै उपमहानगर र वडाको समन्वयमा यहाँ रहेका कवाडी संकलन र सवारी मर्मतकेन्द्र व्यवस्थापन गर्न जरुरी रहेको बताए ।

त्यस्तै हेटौंडा-४ मा रहेको जिल्ला खेलकुद विकास समितिका कार्यालयप्रमुख माधब कोइरालाले उपहानगरले गर्ने खेलकुदको लगानी सदुपयोग नभएको बताए । उनले मोटो रकम खेलकुदमा लगानी भएपनि उत्पादनशील क्षेत्रमा नभएको भन्दै खेलाडी उत्पादनमा रकम खर्चन आग्रह गरे । प्रशिक्षकको व्यवस्थापन गरेर खेलाडी उत्पादन गर्नसके नगरले गरेको लगानीले सार्थकता पाउने उनको भनाई थियो ।

समानुपातिक ढंगबाट काम गर्छौं: प्रमुख लामा

नगरका अन्य वडाभन्दा बजेटमा पछि पारेको गुनासो स्थानीयले गरेपछि हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले समानुपातिक ढंगबाट विकासको काम गरिरहेको बताएकी छन् ।

तत्कालीन नगरक्षेत्रमा रहेका ११ वडामध्ये पछि थपिएका वडालाई विकासको गतिमा लैजानुपर्ने अहिलेको आवश्यकता भएकाले केही रकम पछि थपिएर उपमहानगर बनेका क्षेत्रमा गएपनि बजेट समानुपातिक ढंगबाटै बाँडिएको बताइन् । विकासको दृष्टिकोणले ४ नम्बर अन्य वडाको तुलनामा अब्बल रहेको भन्दै विकासको कामलाई तदारुकताका साथ अघि बढाउन उपमहाानगरले कुनै कमजोरी नगर्ने बताइन् । उनले आगामी आर्थिक वर्ष शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गर्ने तयारी रहेको बताइन् । प्रमुख लामाले अब सडक निर्माण, स्ल्याब ढलान जस्ता पूर्वाधार निर्माणको कामलाई कटौंती गर्दै शिक्षा र स्वास्थ्यकेन्द्रित बजेट निर्माणमा जोड दिने बताइन् ।

उनले दिगो ढंगबाट कामलाई अघि बढाउँदै लैजाने योजना रहेको भन्दै उपमहानगरको कामलाई सकारात्मक ढंगबाट बुझिदिन नगरवासीलाई आग्रह गरिन् । हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देलको सभाध्यक्षतामा भएको कार्यक्रममा स्थानीय राजनीतिक दलका प्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, टोल विकास संस्थाका प्रतिनिधि, बालसमूहका संयोजकको सहभागिता रहेको थियो ।

हेटौंडा क्याम्पसमा सिनेमा साक्षरता कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ ओस्कार अन्तर्राष्ट्रिय कलेजले आइतबार हेटौंडामा सिनेमा साक्षरता कार्यक्रम गरेको छ । नेपालभरिका ठूला दश सहरमा सिनेमा साक्षरता अभियानअन्तर्गतको कार्यक्रम हेटौंडास्थित हेटौंडा क्याम्पसमा सञ्चालन भएको आयोजकले जनाएको छ ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त ओस्कार कलेजको यस खालको कार्यक्रम गत चैत्र १४, १५ र १६ गते क्रमश: झापाको विर्तामोड, कोशी प्रदेशको राजधानी विराटनगर र इटहरीमा सम्पन्न भएका थिए । यो कलेज सिनेमा शिक्षा क्षेत्रमा स्नात्तकतह अध्ययन गराउने नेपालकै पहिलो कलेज हो । साक्षरता कार्यक्रममा सहभागी बनेका विद्यार्थीले यस्तोखालको शैक्षिक अभियानले दक्ष कलाकार मात्र उत्पादन गर्ने नभई राम्रो दर्शक पाउनका लागि पनि प्रभावकारी हुने बताएका छन् ।

चलचित्र क्षेत्रप्रति हेर्ने नकरात्मक दृष्टिकोणमा सकारात्मक परिर्वतनका लागि सिनेमा साक्षरता अहिले आवश्यक भएको पनि कार्यक्रममा जोड दिइएको थियो । आयोजकका अनुसार यसखालको कार्यक्रम चलचित्र निर्माण क्षेत्रका लागि साक्षरता अभियान हो र यसबारेमा पनि अध्ययनको खाँचो छ भनेर अभियान सुरु गरिएको हो ।

अध्ययनका लागि इन्जिनियरिङ, व्यवस्थापनलगायतका अनेक विषय रहेझैं आर्ट फिल्डमा हुने सिनेमा शिक्षाभित्र पनि विविध विषय रहेको भन्दै सिनेमा पनि एक अध्ययनको विषय हो भनेर बुझाउन यो अभियान सञ्चालनमा ल्याइएको सिनेमा साक्षर अभियानका प्रबन्धक तथा कलेजका प्रशासकीय प्रमुख नवीन न्यौपानेले जानकारी दिए ।

विर्तामोडको कञ्चनजंघा अंग्रेजी माध्यमिक विद्यालयबाट सुरु भई जनकपुरको मोनास्टीक स्कूल-कलेज, भानुचोक हुँदै हेटौंडामा साक्षरता अभियानअन्तर्गत कार्यक्रम सञ्चालन गरिएको हो । अब यसपछि नारायणगढ, बुटवल, घोराही, धनगढीमा अभियान अन्तर्गत कार्यक्रम गरी चैत्र २५ गते पोखरामा समापन गरिने आयोजकले जनाएको छ ।

हेटौंडा उपमहानगरपलिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल ।

बसपार्क स्थित पसलकवल/सटरको भाडा नबुझाउनेलाई कारबाही सम्बन्धी सूचना !

हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा हेटौंडा-१० बसपार्क क्षेत्रमा रहेको कोठा, सटर तथा स्टलहरुमा व्यवसाय संचालनको लागि सम्बन्धित व्यक्तीहरुसंग वहाल संझौता गरी तोकिएबमोजिमको भाडा (बहालबिटौरी दस्तुर) संकलन गर्दै आएकोमा,

कार्यालयसँग पूर्व स्विकृती नलिई सटर, स्टल तथा कोठाहरु अन्य व्यक्तीहरुलाई संचालन गर्न दिईएको र विगत लामोसमय देखि कार्यालयलाई बुझाउनु पर्ने सटर भाडा रकम समेत नबुझाएको यस सम्बन्धमा कार्यालयबाट पटक पटक पत्राचार गर्दा समेत सम्पर्क हुन नसकेकोले कार्यालयको निर्णय अनुसार तपसिलका भाडामा लिएका व्यवसायीले कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम सूचना प्रकाशित मितिले ३ (तिन) दिन भित्र बुझाउनु हुन सम्बन्धीत व्यवसायीहरुलाई जानकारी गराईन्छ । उक्त समयावधीभित्र रकम दाखिला नगरेमा प्रचलित कानूनबमोजिम सटर खाली गराइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपसिल :-

क.स.	कोठा/स्टल/सटर नं.	व्यवसायीको नाम, थर	ठेगाना	बक्यौता रकम	कैफियत
१	११-११-०२ र ०३	अर्न्तपूर्ण देवी केशरी	हेटौंडा-१०	७१७५००.००	
२	११-११-०८	कौशिला लामा	हेटौंडा-१०	२३६२५०.००	९८११२६८२३०
३	११-०६-२०	कृष्णहरि पूडासैनी	हेटौंडा-१०	१४८७२५.००	९८४५०३२२८३

राजश्व प्रशासन शाखा
हेटौंडा उपमहानगरपालिका

एकीकृत समाजवादी मकवानपुरको अधिवेशन १५-१६ वैशाखमा

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/नेपाल कम्युनिस्ट पाटी (एकीकृत समाजवादी) मकवानपुरको जिल्ला अधिवेशन आगामी १५-१६ वैशाखमा हुने तय भएको छ ।

पार्टीको आइतबार बसेको सचिवालय बैठकले जिल्ला अधिवेशनको मितिबारे निर्णय लिएको हो । अधिवेशन हेटौंडा उपमहानगर पालिका-४ स्थित रोयल पार्टी प्यालेसमा हुनेछ । पार्टी स्थायी कमिटी सदस्य ललित बस्नेतको प्रमुख अतिथ्यता तथा पार्टी मकवानपुरका अध्यक्ष विष्णुप्रसाद दाहालको अध्यक्षतामा सचिवालय बैठक बसेको हो । बैठकका प्रमुख अतिथि बस्नेतले पार्टीले क्रियाशील सबै सदस्यलाई उत्तिकै उचित अवसर र मौका दिने बताए ।

बैठकमा पोलिटब्युरो सदस्य घनप्रसाद गौतम, केन्द्रीय सदस्य एवम् पार्टी मकवानपुर इन्चार्ज मुनु सिग्देल, केन्द्रीय सदस्य राजाराम स्याङतानको विशेष आतिथ्यता थियो । बैठकमा केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज सिग्देलले नेकपा एसका नेता तथा कार्यकर्तालाई पार्टीको नीति र विधिमा रही अधिवेशनमुखी अभियान अघि बढाउन निर्देशन दिएकी छिन् । पार्टीको जिल्ला कमिटीको विस्तारित बैठक यही २८ चैतमा बस्ने पनि आइतबारको बैठकले निर्णय गरेको छ ।

नि:शुल्क दन्त तथा स्वास्थ्य शिविर

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ हेटौंडा उपमहानगरपालिका-११ स्थित उपयोगी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको आयोजनामा गरिएको एकदिने नि:शुल्क दन्त तथा स्वास्थ्य शिविर सम्पन्न भएको छ ।

शिविरमा १ सय ४१ जनाले दन्तसेवा र १ सय १० जनाले प्रेसर र सुगर परीक्षण गराएका थिए ।

शिविरमा ६७ हजार रुपैयाँ बराबरको नि:शुल्क औषधि वितरण गरिएको कार्यक्रम संयोजक यज्ञराज आचार्यले जानकारी दिए । उपयोगी बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष दिनेश बिडारीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगर पालिका-११ की वडाध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

नवलपुर सहरी स्वास्थ्य विकास शाखाको समन्वय तथा हंस डेन्टल क्लिनिकको सहकार्यमा शिविर भएको हो । शिविरमा हंस डेन्टल क्लिनिकका डाक्टर रीति गुप्तालगायतको टोलीले दन्तपरीक्षण गरेका थिए ।

६७ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा गरिएको कार्यक्रममा मकवानपुर जिल्ला बचत संघकी अध्यक्ष कल्पना श्रेष्ठ, नवलपुर सहरी स्वास्थ्य केन्द्रकी प्रमुख मीना कुमारी, वडासदस्य विकास नेपाल, सञ्जय बिडारी, गोपिनी सापकोटा, बागेश्वरी बचत तथा ऋण सहकारीकी व्यवस्थापक शर्मिला श्रेष्ठलगायतको आतिथ्यता रहेको थियो ।

पेट्रोलको भाउ लिटरमै ४ रुपैयाँ बढ्या

साझाकुरा संवाददाता

हेटौंडा, १८ चैत/ नेपाल आयल निगमले पेट्रालको मूल्य बढाएको छ । आइतबार मध्यरातिदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर ४ रुपैयाँ मूल्य बढाइएको छ ।

यससँगै काठमाडौं उपत्यकासँगै पोखरा र दिपालयमा पेट्रोल एक लिटरको १७५ रुपैयाँ पर्नेछ । सुर्खेत र दाडमा १७४ तथा चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज र वीरगञ्ज क्षेत्रमा पेट्रोल एक लिटरको १७२ रुपैयाँ ५० पैसा पर्नेछ । डिजेल, मट्टितेल र खाना पकाउने ग्लपी ग्यासको मूल्य भने हेरफेर भएको छैन ।

आयल निगमका अनुसार इण्डियन आयल कर्पोरेसनले पठाएको नयाँ खरिद मुल्यअनुसार पेट्रोलमा प्रतिलिटर ४ रुपैयाँ ७६ पैसा बढेको र डिजेल र मट्टितेलमा ३९ पैसा घटेको निगमले जनाएको छ ।

यस्तै एलपी ग्यासमा प्रतिसिलिण्डर २७ रुपैयाँ ४४ पैसा मूल्य घटेर आएको छ । तर अहिले पनि एलपी ग्यासमा २९६ रुपैयाँ १५ पैसा घाटा रहेको भन्दै सञ्चालक समितिले मूल्य हेरफेर नगर्ने निर्णय गरेको हो ।

coop ICA

"सहकारीमा सुशासन : प्रविधि र एकिकरण"

६७ औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समिति

बागमती प्रदेश, हेटौंडा, मकवानपुर

सूचना ! सूचना ! सूचना !

नेपालको सहकारी अभियानको मूख्य पर्व ६७ औं राष्ट्रिय सहकारी दिवस ***"सहकारीमा सुशासन: प्रविधि र एकिकरण"*** भन्ने मुल नाराका साथ २०८० चैत्र २० गते बागमती प्रदेशको राजधानी हेटौंडामा प्रदेश स्तरीय कार्यक्रमको आयोजना गरि भब्यता पुर्वक सम्पन्न गर्न १००१ सदस्यीय बागमती प्रदेश स्तरीय मूल समारोह समिति गठन भइसकेको ब्यहोरा अनुरोध गर्दै उक्त कार्यक्रमलाई अनुशासित, व्यवस्थित र मर्यादित रुपमा भब्यताका साथ सु-सम्पन्न गर्न मूल समारोह समितिको निर्णय अनुसार तपसिल अनुसारको कार्यक्रमहरुमा बागमती प्रदेश भित्रका सम्पूर्ण सहकारी संघ/संस्थाहरुले सक्रियतापूर्वक कार्यक्रमहरु सम्पन्न गर्नको लागि अनुरोध गरिन्छ ।

तपसिल

यस बर्ष **"६७ औं राष्ट्रिय सहकारी दिवस"** सहकारी संघ/संस्थाहरु, सहकारीकर्मीहरु तथा सरोकारवाला निकायहरु सबैको सक्रिय सहभागितामा भब्यताका साथ मनाउने ।

क) २०८०/१२/१४ गते बागमती प्रदेश भरका सहकारी संघ/संस्थाको कार्यालयमा सहकारी दिवसको नारा **"सहकारीमा सुशासन : प्रविधि र एकिकरण"** सहितको सहकारी दिवस सम्बन्धी ब्यानर राख्ने ।

ख) अन्तरक्रिया कार्यक्रम : २०८० चैत्र १५ गते

ग) प्रभातफेरी कार्यक्रम : २०८० चैत्र २० गते बिहान ७:०० बजे हेटौंडा उपमहानगरपालिका-१, चौकीटोल स्थित रोप वे चौरमा भेला भई ञ्चालीसहित बुद्धचोक हुँदै रोयल प्यालेस हेटौंडा-४ मा शुभकामना सभामा सहभागी हुने ।

घ) दिप प्रज्वलन कार्यक्रम : २०८० चैत्र २० गते साँझ बागमती प्रदेश भरिका सम्पुर्ण सहकारी संघ/संस्थाहरुमा **"सहकारीमा सुशासन : प्रविधि र एकिकरण"** भन्ने नारासहितको ब्यानर राखी आ-आफ्नो कार्यालय तथा मुख्य बजारहरुमा दिप प्रज्वलन गर्दै सहकारी दिवसको खुसियाली साटासाट गर्ने ।

ङ) सामाजिक सञ्जालहरुमा नारा सहित शुभकामना आदान प्रदान गर्ने ।

कार्यक्रमहरु

मिति	स्थान	समय	कार्यक्रम
२०८०/१२/१४	सबै संघ/संस्थाको कार्यालयमा		यस बर्षको नारा सहित ब्यानर राख्ने
२०८०/१२/२०	रोपवेको चौर हेटौंडा १ चौकीटोल ओरालो	बिहान ७:०० बजे	प्रभातफेरी ञ्चाली
२०८०/१२/२०	रोयल प्यालेस हेटौंडा ४	बिहान ८:३० बजे	प्रवचन र सम्मान वितरण
२०८०/१२/२०	संघ/संस्थाहरुको कार्यालय परिसर	साँझ ७:०० बजे	बागमती प्रदेश भरका सहकारी, संघ/संस्थाको आयोजनामा दीप प्रज्वलन कार्यक्रम

आयोजक
६७ औं राष्ट्रिय सहकारी दिवस २०८०
मूल समारोह समिति, बागमती प्रदेश, हेटौंडा

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट

Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना